## सर्वोच्च अदालत, संयुक्त इजलास

**माननीय न्यायाधीश श्री सुष्मालता माथेमा**

**माननीय न्यायाधीश श्री बालकृष्ण ढकाल**

## फैसला

**मुद्दा नं. ०६९-CI-०३०७**

**मुद्दाः- वस्तु बिक्री बापत पाउनु पर्ने बिक्री मूल्य रकम दिलाई  भराई पाउँ।**

| | |
|---|---|
| जिल्ला काठमाडौं, काठमाडौं महानगरपालिका वडा नं. ३२, डिल्लीबजार स्थित रजिष्टर्ड कार्यालय रहेको सिर्जना फर्मास्यूटिकल्स प्रा. लि. ........................१<br>ऐ.ऐ. का संचालक समिति.............................................................१<br>द्वारिकामान बटासा (श्रेष्ठ) को छोरा जिल्ला काठमाडौं, का.म.न.पा. वडा नं.१ दरवारमार्ग, काठमाडौं बस्ने बर्ष ५६ को राजेशमान श्रेष्ठ..........................१ | पुनरावेदक<br>प्रतिवादी |
| विरूद्ध | |
| भारतको मुम्वई स्थित एस. भि रोड., जोगेश्वरीमा प्रधान कार्यालय रहेको यूनिकेम ल्यावोरेटोरिज  लिमिटेड ....................................................१ | प्रत्यर्थी<br>वादी |

| | |
|---|---|
| शुरु तहको फैसला गर्ने: | माननीय जिल्ला न्यायाधीश विनोद मोहन आचार्य<br>काठमाडौं जिल्ला अदालत |
| फैसला मितिः | २०६५/०३/१७ |
| पुनरावेदन तहको फैसला गर्ने: | माननीय न्यायाधीश भरतप्रसाद अधिकारी<br>माननीय न्यायाधीश यज्ञप्रसाद बस्याल<br>पुनरावेदन अदालत, पाटन |
| फैसला मितिः | २०६८/०८/०४ |

न्याय प्रशासन ऐन, २०७३ को दफा ९ बमोजिम यस अदालतको अधिकारक्षेत्र अन्तर्गत दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यसप्रकार रहेको छः-

## मुद्दाको संक्षिप्त तथ्य

१. फिरादी यूनिकेम ल्यावोरेटोरिज लि. कम्पनी ऐन, १९५६ अन्तर्गत यूनिकेम भवन प्रभात इस्टेट अफ एस.भि.रोड जोगेश्वरी वेष्ट मुम्बई ४००१०२ भारतमा मुख्य कार्यालय भएको कम्पनी हो। नेपालको प्रचलित कम्पनी ऐन बमोजिम दर्ता भई संचालन हुँदै आएको का.जि.का.म.न.पा. वडा नं. १, फोहरा दरबार मार्गमा कार्यालय रहेको विपक्षी प्रतिवादी राजेशमान श्रेष्ठ समेत संचालक रहेको सृजना फर्मास्यूटिकल्स प्रा.लि. बिच औषधिको आयात निर्यात र खरिद बिक्री कारोबार बिसौं वर्षदेखि चल्दै आउनुको साथै Super Stock को रुपमा पनि काम गर्दै आएको थियो। विपक्षीले वादी कम्पनीसँग औषधि खरिद गर्दा जारी गरेको Invoice को मितिबाट ६० दिन भित्र वस्तुको मूल्य भुक्तानी गर्नुपर्ने शर्तमा व्यापारिक कारोवार गर्दै आएकोमा विपक्षी कम्पनीले केही समय यता आएर फिरादीको वस्तु खरिद गरी सो रकम समयमा चुक्ता गर्न ढिलाई गर्दै भुक्तानी नगरी बाँकी बक्यौता रहदै आएको थियो। वस्तु खरिद वापतको मूल्य भुक्तानी दिनुपर्ने दायित्व करार ऐन, २०५६ को दफा ४३ बमोजिम विपक्षीमा रहेको र वादी कम्पनीलाई तिर्नु बुझाउनु पर्ने दायित्वबाट बिपक्षी कम्पनी पन्छिन खोजी रकम खाने पचाउने नियत राखेको र ऐ. ऐनको दफा ४३ अनुसारको वस्तुको मूल्य तथा दफा ५५ तथा ८३ बमोजिम वस्तु वापतको रकम समयमा भुक्तानी नगरी बाँकी राखेबाट कम्पनीलाई पुग्न गएको क्षतिपूर्तिको लागि यो फिराद लिई उपस्थित भएको छु। बक्यौता रकम माग गर्ने सन्दर्भमा २४ जनवरी २००५, २७ जनवरी २००५ मा पटक पटक पत्र तथा इमेल मार्फत माग गरेकोमा विपक्षीले १८ जनवरी २००५ मा चुक्ता गर्न बाँकी छ भनी स्वीकार गरेको अवस्थामा १३ डिसेम्वर २००६ को पत्र मार्फत विवादित रकममा विवाद खडा गरेको देखिन्छ । भुक्तानी गर्न बाँकी छ भनी स्वीकार गरी सकेको अवस्थामा हाल आएर दायित्वबाट अलग हुन सकिन्छ कि भनी दूषित मनसायबाट आलटाल गर्ने, कहिले तिर्नुपर्ने रकमलाई बाहेक गरी हिसाव गर्ने र मेरो जिम्मेबारी नै छैन भन्ने जस्ता कुरा गरी विपक्षीले आलटाल गर्दै आएको अवस्था छ। करार ऐन २०५६ को दफा ४३ बमोजिम वस्तु बिक्री वापत बिक्रेता कम्पनीले क्रेता कम्पनीबाट पाउनु पर्ने रकम भा.रु. ४६,२८,०२६/८८ को नेपाली रुपैयाँ ७४,०४,८४३/- र प्रचलित करार ऐन

बमोजिम पूरा गर्नुपर्ने दायित्व पूरा नगरेबाट फिरादीलाई पर्न गएको हानी नोक्सानी वापत ऐ. ऐनको दफा ५५ तथा दफा ८३ बमोजिम उचित क्षतिपूर्ति रकम लगायत सम्पूर्ण खर्च समेत विपक्षीबाट दिलाई भराई न्याय पाउँ भन्ने समेत व्यहोराको सुरु फिराद दावी।

२. नेपालमा वादी कम्पनीको बजार तथा कारोवार सम्बन्धमा हेर्नको लागि वरिष्ठ अधिकृत स्तरको प्रतिनिधि नियुक्त गरी निजको निर्देशनमा कारोवार हुने गर्दथ्यो। बिक्रेता कम्पनीको तर्फबाट नेपालका प्रतिनिधि भारतीय नागरिक कुमार श्याम मोहनको निर्देशन तथा जिम्मामा विभिन्न पार्टीलाई सामान उपलब्ध गराएको र सो वापतको रकम निज स्वयंले बुझी लिएको अबस्था छ। नेपालमा प्रतिनिधिसँग मिलेमतो गरी निजले खाएको रकम निजसँग असुल उपर गर्नुको सट्टा हामीबाट असुल गर्ने बाहनाबाजी गरी लामो व्यापारिक सम्बन्ध र कारोवारबाट अलग्याई थप फाईदा लिने उद्देश्यले मात्र फिराद दायर गरेका हुन्। विपक्षी बनाईएका म राजेशमान श्रेष्ठ तत्कालिन कम्पनीको शेयरधनी रहेको भएतापनि हाल शेयरधनीबाट फुर्सद भईसकेको छु। सरोकार नभएको व्यक्तिलाई प्रतिवादी बनाई दायर भएको फिराद लाग्न नसक्ने हुँदा खारेज योग्य छ । प्रचलित कानून एवं सम्मानित सर्वोच्च अदालतबाट समय समयमा प्रतिपादित सिद्धान्त, प्रमाण ऐन, २०३१ को दफा ३४, करार ऐन, २०५६ को दफा ८९(२) (ग) समेतका आधारमा झुट्टा गैरकानूनी कपोलकल्पित हदम्याद विहिन हुँदा फिराद खारेज गरी फुर्सद दिलाई न्याय पाँउ भन्ने समेत व्यहोराको प्रतिउत्तरपत्र ।

३. वादीले प्रतिवादीबाट फिराद दावी बमोजिमको रकम पाउने नभई मिति २०६३।११।१७ मा यी वादीका प्रतिनिधिले गरेको सहमति पत्रको प्रकरण (४) बमोजिमको रकम रु. ३,२२,२०४/६० सम्म प्राप्त गर्नुपर्ने देखिन आएकोले सो रकम सम्म प्रतिवादीबाट वादीलाई दिलाई दिने र अरुमा वादी दावी नपुग्ने ठहर्छ भन्ने शुरु काठमाडौं जिल्ला अदालतको मिति २०६५।०३।१७ को फैसला।

४. पुनरावेदक कम्पनी र सिर्जना फर्मास्यूटिकल्स प्रा.लि.बिच लामो समय देखि खरिदकर्ताको बिक्रीकर्ता प्रतिको दायित्व Principal to Principal basis रही औषधिको व्यापारिक कारोबार संचालन हुदैं आएकोमा सन् २००४ सम्म विपक्षीलाई बिक्री गरी Supply गरेको वस्तुहरुको विभिन्न मितिमा विपक्षी कम्पनीलाई वस्तु बिक्री गरेवापत जारी गरिएको Invoice बमोजिमको वस्तुको खरिद मूल्य रु. ७४,०४,८४३/- चुक्ता नगरी आलटाल गरेकोले दुवै पक्षले विभिन्न समयमा गरी उठ्न बाँकी रहेको रकम नेपाली रकम रु.७४,०४,८४३/- विपक्षी कम्पनीले

नै उठाई पुनरावेदन कम्पनीलाई दिने सहमति भई आफ्नो दायित्वलाई स्वीकारी विपक्षी कम्पनीले सन् २००५ जनवरि १८ मा कुमार श्याम मोहनलाई पत्र लेखेको थियो । पुनरावेदकले विपक्षीबाट लिन बाँकी रकम करार ऐन, २०५६ को दफा ४३ बमोजिम विपक्षी प्रतिवादीबाट उक्त ऐनको दफा ५५ तथा ८३ बमोजिम वस्तु बिक्री वापतको रकम भुक्तानी नगरी बाँकी रहेको रु. ७४,०४,८४३/- असूल उपर गराई उचित क्षतिपूर्ति समेत दिलाई पाँउ भनी फिराद माग गरेकोमा सवूत प्रमाणको उचित मूल्यांकन नै नगरी दावी लिएको विषयमा प्रवेश नै नगरी शुरु काठमाडौं जिल्ला अदालतले गरेको त्रुटिपूर्ण फैसला वदर गरी पुनरावेदन जिकिर बमोजिम रकम दिलाइ भराइ पाउँ भन्ने समेत व्यहोराको मिति २०६५।१०।०२ मा वादीले पुनरावेदन अदालत, पाटनमा पेश गरेको पुनरावेदन पत्र।

५. यसमा मिति २०६३/११/१७ मा यूनिकेम ल्यावोरेटोरिज तथा सिर्जना फर्मास्यूटिकल्सबिच भएको NOC सम्बन्धी बैठकबाट निर्णय भएको बुँदा नं. ६ मा उल्लेखित रकम सम्बन्धमा फिराद दावी भएकोमा सो तर्फ कुनै विवेचना नै नगरी भएको शुरु फैसला फरक पर्न सक्ने देखिदा अ. ब. २०२ नं. तथा पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ४७ बमोजिम छलफलको लागि विपक्षी झिकाई आएपछि वा अवधि नाघेपछि नियमानुसार पेश गर्नु भनी मिति २०६६।१०।१७ मा पुनरावेदन अदालत, पाटनले गरेको आदेश।

६. पुनरावेदक/ वादी पक्षबाट मिति २०६८।०१।२० मा पेश भएको सक्कल कागजातहरु देखे हेरे, आदेशानुसारको सक्कल कागज पेश भएको देखिंदैन, हाल पेश भएको कागजातहरु सद्दे किर्ते छुट्टयाउन नसकिने भन्ने मिति २०६८।०२।०१ को प्रत्यर्थीका वारेस नरेस कुमार खरेलले अ.बं. ७८ नं. बमोजिम गरेको बयान कागज।

७. वादी दावीको रकम मध्ये तत्कालिन कन्ट्री रिप्रेजेन्टेटिभ श्याम मोहन सम्बन्धित भनी NOC सम्बन्धी निर्णयमा उल्लिखित रकम रु.५,८५,३७४।२० बाहेक गरी बाँकी भा.रु. ४२,६२,१६८।– को हुने ने.रु.६८,२९,४६८।८० रकम सम्म पुनरावेदक वादीले प्रत्यर्थी प्रतिवादीबाट दिलाई भराई पाउने देखिएकोमा रु.३,२२,२०४।६० मात्र भराई पाउने ठहऱ्याएको शुरु काठमाडौं जिल्ला अदालतको मिति २०६५।०३।१७ गतेको फैसला नमिलेकोले केही उल्टी भई पुनरावेदक वादीले प्रत्यर्थी प्रतिवादीबाट रु.६८,१९,४६८।८० (अठसठ्ठी लाख उन्नाईस हजार चार सय अठसठ्ठी रुपैयाँ पैसा असी)

पाउने ठहर्छ भन्ने व्यहोराको पुनरावेदन अदालत, पाटनको मिति २०६८।०८।०४ को फैसला।

८. विपक्षी कम्पनीले उत्पादन गरेका औषधिहरु कम्पनीले नेपालमा लामो समयदेखि बिक्री वितरण गर्ने गरेको थियो। तत् सम्बन्धमा आजसम्म कुनै पनि किसिमको बाँकी बक्यौता तथा विवाद रहे भएको थिएन र छैन। उक्त सामान बिक्री वापतको रकम विपक्षी कम्पनीका कर्मचारी नेपालका प्रतिनिधि कुमार श्याम मोहनको निर्देशन तथा जिम्मामा लिई बिक्री गरेको र उक्त रकमको भुक्तानी सृजना फर्मास्यूटिकल्सले पाउनु पर्नेमा निज कुमार श्याम मोहनले नै लिएको हुँदा फिरादमा उल्लेख गरेको रकम पुनरावेदक/ प्रतिवादीले तिर्न बुझाउन पर्ने रकम होईन्। जनबरी १७, २००५ मा तिनै पक्ष बिच छलफल गरी विपक्षी कम्पनीले निज कुमार श्याम मोहनबाट असुल उपर गर्ने मौखिक सहमति भएको थियो। सोहि वमोजिम विपक्षी कम्पनीले जनवरी २४, २००५ मा निज कुमार श्याम मोहनलाई पत्र लेखी तत्काल रकम भुक्तानी गर्न निर्देशन दिईएको अन्यथा कारवाहि गर्ने व्यहोरा उल्लेख गरी वादी कम्पनीको तर्फवाट श्री संजय गुप्ताद्वारा हस्ताक्षरीत पत्र पठाईएको र उक्त पत्रको वोधार्थ प्रतिवादी कम्पनीलाई समेत दिईएको थियो ।उक्त पत्रको लगतै जनवरी २७, २००५ मा फरक व्यहोरा र आशय फरक पर्ने गरी पुनः वादी कम्पनीको तर्फवाट श्री संजय गुप्ताद्वारा हस्ताक्षरीत पत्र पक्ष कम्पनीलाई प्रेषित गरियो। तत् पश्चात विपक्षी कम्पनीले रकम असुल सम्बन्धमा कुनै पत्राचार तथा माग गरेको छैन थिएन। यसरी भएको सहमति बमोजिम निज विपक्षीले दायित्व पुरा गरेको देखिंदैन्। करार कानुनको महत्वपुर्ण पक्ष भनेकै पक्षहरुले आ-आफ्नो दायित्व पुरा गर्नु हो।

विवादित रकमको सम्बन्धमा विपक्षी कम्पनीका बरिष्ट प्रबन्धकहरुले हामी उक्त हिसाव भारत बसोबास गरी आएका हाम्रो कर्मचारी श्री कुमार श्याम मोहनवाट हामी आफैं असुल उपर गर्छौं भनी मौखिक आश्वासन दिएकोले हामी वीचको कारोवार सुचारु संचालनमा रहेको र तत् पश्चात तत् सम्बन्धमा कुनै पनि communication वा पत्राचार समेत नभएको अबस्था थियो । यसरी सहमत भै विवाद समाधान भएको अबस्थामा दुषित मनशाय राखी दायर फिराद दावी समर्थन गरी गरिएको फैसला गैरकानूनीपूर्ण हुंदा खारेज भागी छ । विपक्षी वादीले आफ्नो फिरादपत्रमा विवादित विषयसँग प्रत्यक्ष सरोकार राख्ने विल कुन हो ? उक्त विल कुन मितिको हो ? कति नं. को हो ? कुन विलबाट कति रकम असुल हुनु पर्ने

हो ? जस्ता तथ्य उल्लेख गर्न सकेको छैन साथै समय समयमा सहमतिपत्रहरु भएका छन् जस सम्बन्धमा आजसम्म कुनै सम्झौता भएको छैन भनी उल्लेख गरिएको छ र Standard Business Practices को आधारमा मात्र कारोवार भएको भन्ने गलत तथ्य उल्लेख गरिएको छ। अतः उल्लिखित तथ्य, आधार, कारण र प्रमाणहरु, प्रतिउत्तर जिकिर तथा प्रचलित कानून एवं सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त, प्रमाण ऐन, २०३१ को दफा ३४, करार ऐन, २०५६ को विपरीत तथा गम्भिर कानूनी त्रुटी गरी रु. ३,२२,२०४/६०।- प्रतिवादीबाट वादीलाई दिलाई दिने ठहर भएको शुरु काठमाडौं जिल्ला अदालतको फैसला केही उल्टी गर्ने गरी रु.६८,१९,४६८।८० पुनराबेदक वादी लाइ दीलाउने गरी पुनरावेदन अदालत पाटनले गरेको फैसला अन्यायपूर्ण हुँदा उल्टाई बदर गरी फिराद दावी समेत खारेज गरी न्याय दिलाई फुर्सद पाउँ भन्ने समेत व्यहोराको सिर्जना फर्मास्यूटिकल्स प्रा.लि.समेतले यस अदालतमा दिएको पुनरावेदन पत्र।

९. यसमा वादीले फिरादसाथ संलग्न गरेका Invoices तथा Custom clearance सम्बन्धी कागजातको सक्कल पेश गर्न पुनरावेदन अदालतबाट आदेश भए पश्चात पनि पेश गर्न नसकेको, दावीको रकम भुक्तानी गर्ने सम्बन्धमा वादी पक्षबाट कन्ट्री रेप्रिजेन्टेटिभ कुमार श्याम मोहनलाई पत्र पठाएको भन्ने देखिन आएको, पुनरावेदक तथा प्रत्यर्थीबिच लामो व्यापारिक कारोबार रहेको भन्ने देखिएको, दुवै पक्षबिच मिति २०६३।११।०७ मा भएको भनिएको निर्णय बुँदा नं. (६) मा लेना रकम उल्लेख भएको नदेखिएको सम्बन्धमा विवेचना नगरी भएको पुनरावेदन अदालत पाटनको मिति २०६८।०८।०४ को फैसला प्रमाण मूल्याङ्कनको रोहमा फरक पर्न सक्ने देखिँदा मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको २०२ नं. बमोजिम प्रत्यर्थी झिकाई आएपछि वा अवधी व्यतीत भएपछि नियमबमोजिम पेश गर्नू भन्ने समेत व्यहोराको मिति २०७४।११।११ मा यस अदालतबाट भएको आदेश।

१०. यसमा युनिकेम ल्यावोरेटोरीज लिमिटेड तथा सिर्जना फर्मास्यूटिकल्स प्रा.लि. बिच भएको NOC सम्बन्धी बसेको मिति २०६३।११।१७ को बैठकको सक्कल माइन्यूट हरेक पेसीका दिन इजलास समक्ष देखाई फिर्ता लैजाने गरी नेपाल औषधी व्यवसायी संघसँग मगाई नियमानुसार गरी पेस गर्नू भन्ने समेत व्यहोराको यस अदालतबाट मिति २०७६।०५।२३ मा भएको आदेश।

११. यसमा पक्ष विपक्षको नामका साथै मुद्दाको नाम समेत फरक परी पेशी सूचि चढेको देखिंदा आजको पेशी हटाइदिएको छ । सबै विवरण मिलाई पेशी सूचि चढाई नियमबमोजिम पेश गर्नू भन्ने समेत व्यहोराको यस अदालतबाट मिति २०७९।१२।१९ मा भएको आदेश।

## ठहर खण्ड

१२. नियमबमोजिम दैनिक पेसी सूचीमा चढी निर्णयार्थ यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दाको पुनरावेदन सहितको मिसिल संलग्न कागजातको अध्ययन गरियो ।प्रस्तुत मुद्दामा पुनरावेदक/प्रतिवादी कम्पनीका तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ताद्धय श्री सतिशकृष्ण खरेल र श्री महेन्द्रकान्त मैनालीले मिति २०६३/११/१७ को सहमतिको प्रकरण (६) मा उल्लेखित विवादित रकम पुनरावेदक/ प्रतिवादीले तिर्नुपर्ने नभनी कायम गर्ने भन्ने सम्ममात्र उल्लेख भएको देखिन्छ। पुनरावेदक/ प्रतिवादीले विपक्षी वादीलाई तिर्न बुझाउन रकम कुनै बाँकी छैन, वादी यूनिकेमको नेपालको लागि कन्ट्री रिप्रेजेन्टेटिभ कुमार श्याम मोहन मार्फत रकम बुझाईसकिएको छ, आफ्नो निज प्रतिनिधि कुमार श्याम मोहनलाई सरुवा गरी उपस्थित समेत नगराई पर्दा पछाडि राखेर विपक्षी/वादीले झुठा दावी लिएको मात्र हो । जनवरी १७, २००५ मा तिनै पक्षबीच छलफल गरी कुमार श्याम मोहनबाट रकम असूल उपर गर्ने मौखिक सहमति भए बमोजिम जनवरी २४, २००५ मा निज कुमार श्याम मोहनलाई पत्र लेखी तत्काल रकम भुक्तान गर्न निर्देशन दिई अन्यथा कारवाही गर्ने व्यहोरा उल्लेख गरी वादी कम्पनीको तर्फबाट संजय गुप्ताद्धारा हस्ताक्षरित पत्र पठाईएको अवस्था छ।निज कुमार श्याम मोहनलाई उपस्थित गराउने कुरामा विपक्षी/वादी आफैं उपस्थित बैठक समेतमा सहमति जनाई सहमति अनुसारको दायित्व आफैले पुरा नगर्ने विपक्षीले दावीको रकम पुनरावेदक/ प्रतिवादीबाट दिलाई भराई पाउन सक्ने अवस्था नै नहुँदा शुरु जिल्ला अदालतको फैसलालाई केही उल्टी गर्ने गरी पुनरावेदन अदालत, पाटनले गरेको फैसला अन्यायपूर्ण हुँदा उल्टाई फिराद दावी खारेज गरी पाउँ भन्ने समेत बहस प्रस्तुत गर्नुभयो ।

१३. विपक्षी/वादीका तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री डा. गान्धी पण्डित र विद्वान अधिवक्ता श्री लक्ष्मीराज थापाले १९ अगस्त २००४ मा भएको सम्झौताको प्रकरण नं. (७) बमोजिम विपक्षी/ वादीले तिर्ने बुझाउने भन्ने सहमति समेत भएको प्रतिवादीको दावीको रकम वादीले बुझाएको भन्ने कुनै वस्तुनिष्ठ प्रमाणबाट पुष्टि भएको देखिदैंन।बिक्रेता यूनिकेम

ल्यावोरेटोरिज र क्रेता सृजना फर्मास्यूटिकल्स प्रा.लि. भएकोमा विवाद छैन। यसमा मिति २०६३/११/१७ को सहमतिको प्रकरण (४) मा विवाद होईन। प्रकरण नं. (६) मा उल्लेखित रकम नै विवादित रकम हो। युनिकेमको कन्ट्री रिप्रेजेन्टेटिभ कुमार श्याम मोहनलाई रकम बुझाई सकेको भन्ने विपक्षी/ वादीको जिकिर रहेकोमा स्टाफलाई रकम भुक्तानी दिने भन्ने कुनै शर्त सहमति समेत भएको छैन, प्रतिवादी र कुमार श्याम मोहनबिचमा के कस्तो कारोवार हुने गर्थ्यो ? वादी यूनिकेमलाई कुनै सरोकारको विषय होइन, सृजना फर्मास्यूटिकल्स प्रा.लि. ले आन्तरिक रुपमा को कसलाई के कति मात्रामा सामान सप्लाई गर्‍यो वा गरेन यूनिकेमले हेर्न पनि सक्दैन, क्रेताले बिक्रेतालाई ६० दिन भित्र भुक्तानी दिईसक्नु पर्ने सहमति भएकोमा सो अनुसारको रकम भुक्तानी भएको छैन, पहिले देखि नै भुक्तानी हुँदा बैंक मार्फत भुक्तानी हुने गरेकोमा दावीको रकम व्यक्ति मार्फत भुक्तानी भएको भन्ने पुनरावेदन जिकिर झुट्ठा हो। तसर्थ, पुनरावेदन अदालत, पाटनले गरेको फैसला सदर हुनुपर्छ भनी गर्नुभएको बहससमेत सुनियो।

१४. यसमा, साविक करार ऐन, २०५६ को दफा ४३ बमोजिम बस्तु बिक्री बापत बिक्रेता कम्पनीले क्रेता कम्पनीबाट पाउनु पर्ने रकम दिलाई भराई पाउँ भन्ने वादीको फिराददावी र बिक्रेता कम्पनीका नेपाल प्रतिनिधि भारतीय नागरिक कुमार श्याम मोहनले सो वापतको रकम बुझिलिएको हुनाले रकम भुक्तानी गर्नुपर्ने हैन फिराद खारेज गरी पाउँ भन्ने समेत व्यहोराको प्रतिउत्तर जिकिर भएको प्रस्तुत मुद्दामा वादीका प्रतिनिधिले गरेको सहमति पत्रको प्रकरण (४) बमोजिमको रकम सम्म प्रतिवादीबाट वादीलाई दिलाई दिने र अरुसा वादी दावी नपुग्ने ठहर गरी भएको शुरु काठमाडौं जिल्ला अदालतको फैसला पुनरावेदन अदालत, पाटनबाट केही उल्टी भई सो फैसला उपर चित्त नबुझाई फिराद दावी समेत खारेज गरी पाउँ भनी पुनरावेदक/प्रतिवादीको यस अदालतमा पुनरावेदन परेको देखिन्छ।

१५. पुनरावेदक/प्रतिवादीले आफ्नो पुनरावेदनपत्रमा बिक्रेता कम्पनीका नेपाल प्रतिनिधि कुमार श्याम मोहनको निर्देशन तथा जिम्मामा सामान लिई बिक्री गरेको र उक्त रकमको भुक्तानी सृजना फर्मास्यूटिकल्सले पाउनु पर्नेमा निज कुमार श्याम मोहनले नै रकम भुक्तानी लिएको हुँदा फिरादमा उल्लेख गरेको रकम प्रतिवादीले तिर्नु बुझाउनु पर्ने होईन्। जनवरी १७, २००५ मा तिनै पक्षबिच छलफल गरी बिक्रेता कम्पनीले निज कुमार श्याम मोहनबाट रकम असुल उपर गर्ने मौखिक सहमति भएको थियो। सो सहमति बमोजिम निजले दायित्व

पुरा गरेको देखिदैंन्। करार कानुनको महत्वपुर्ण पक्ष भनेकै पक्षहरुले आ-आफ्नो दायित्व पुरा गर्नु हो, जसअनुरुप निज विपक्षीले कानून उल्लंघन गरेको देखिन्छ। साथै विवादित विषयसँग प्रत्यक्ष सरोकार राख्ने विल कुन हो ? उक्त विल कुन मितिको हो ? कति नं. को बिल हो ? कुन विलबाट कति रकम असुल हुनु पर्ने हो? जस्ता तथ्य उल्लेख गर्न सकेको छैन। यसरी करार ऐन, २०५६ को विपरीत शुरु काठमाडौं जिल्ला अदालतको फैसला केही उल्टी गर्ने गरी पुनरावेदन अदालत, पाटनले गरेको फैसला समेत बदर गरी फिराद दावी खारेज गरी पाउँ भन्ने समेत ब्यहोराको मुख्य जिकिर लिएको देखिन्छ।

१६. उल्लेखित तथ्य तथा पुनरावेदन जिकिर भएको प्रस्तुत मुद्दामा दुवैतर्फका उपस्थित विद्वान वरिष्ठ अधिबक्ता र अधिबक्ताहरुको तर्कपूर्ण बहस जिकिर समेत सुनी पुनरावेदन अदालत, पाटनको फैसला मिलेको छ, छैन ? पुनरावेदक/ प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्छ सक्दैन् ? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

१७. निर्णयतर्फ विचार गर्दा, पुनरावेदक प्रतिवादी र प्रत्यर्थी वादी बिच औषधी खरिद बिक्री गर्ने सम्बन्धी सम्झौता भई औषधी आएकोमा विवाद नभएको तथा सो औषधी वापतको भुक्तानी सम्बन्धमा विवाद उठेको देखियो। सो सम्बन्धमा विचार गर्नु अघि करार सम्बन्धी कानूनी व्यवस्थाका सम्बन्धमा विवेचना गर्नु प्रासंगिक हुन आउँछ। कुनै काम गर्न वा नगर्नको लागि दुई वा दुई भन्दा बढी पक्षहरु सहमत भई आपसमा कुनै सम्झौता गर्दछन् भने त्यस्तो सम्झौतालाई करार भन्ने गरिन्छ। त्यसैले विधिशास्त्रीय मान्यता अनुसार करार एक प्रकारको कानूनी सम्झौता हो जसलाई कानूनी समर्थन प्राप्त हुन्छ, कार्यान्वयनयोग्य हुन्छ र पक्षहरुको स्वतन्त्र सहमतिमा आधारित रहेको हुन्छ। करारले सो का पक्षहरु उपर अधिकार र दायित्वको सृजना गराउँछ र उक्त अधिकार र दायित्वप्रति सम्बन्धित पक्षहरु इमान्दार हुन्छन् भन्ने मान्यता राखिन्छ। कुनै पक्षले यस्तो मान्यताको प्रतिकूल हुने कार्य गरी करारीय दायित्व पुरा नगरेमा वा दायित्व पुरा गर्न इन्कार गरेको अबस्थामा मर्का पर्ने पक्षले सम्बन्धित निकायमा उजुरी गरी उपचार माग्न सक्ने कानूनी प्रवन्ध समेत गरिएको हुन्छ। मानव समाजमा कतिपय विषयमा व्यक्तिहरुका बीचमा विभिन्न प्रकृतिका सम्झौताहरु हुन सक्दछन् तथापि ती सबै सम्झौताहरुलाई सबै अवस्थामा कानूनले समान रुपमा संरक्षण गर्न वा कार्यान्वयन गराउन नसक्ने पनि हुन सक्छन। कानूनद्वारा कार्यान्वयन गराउन नसकिने प्रकृतिका सम्झौताहरुलाई कार्यान्वयन गराउन सकिने करारको श्रेणीमा राखी समान रुपमा

अर्थ गर्न पनि सकिँदैन। त्यसैकारण कुनै पनि करारको सिर्जना र त्यसको कार्यान्वयनसमेत केवल कानूनको अधिनमा मात्र हुन सक्दछ। करार सम्बन्धी यिनै प्रवन्ध र मान्यताहरुले गर्दा सबै करार सम्झौता हुन् तर सबै सम्झौताहरु करार होइनन् भन्ने सिद्धान्तसमेत स्थापित भएको पाईन्छ।

१८. आफुले गर्छु भनेको काम गर्नुपर्छ वा आफ्नो बचनप्रति इमान्दार हुनुपर्छ भन्ने प्राचिन नैतिक तथा धार्मिक मान्यताको जगमा हाम्रो करार कानूनको जन्म र विकास हुँदै आएको पाईन्छ। शुरुमा मुलुकी ऐन, २०२० को व्यवस्थामार्फत करारलाई नियमित र निर्देशित गर्न खोजिएकोमा करार ऐन, २०२३ ले स्पष्टरुपमा करार भन्नाले दुई वा दुई भन्दा बढी पक्षहरुबिच कुनै काम गर्न वा नगर्नको लागि गरिएको मन्जुरी सम्झनुपर्दछ भनी करारलाई परिभाषित गरेपछि नेपाली कानूनी प्रणालीमा करारको आधुनिक एवं सैद्धान्तिक आधार र अवधारणाको प्रारम्भ भएको देखिन्छ। यसै सैद्धान्तिक अवधारणालाई निरन्तरता दिँदै र केही परिस्कृत गर्दै तत्कालिन करार ऐन, २०५६ ले करारलाई परिभाषित गरेको देखिन्छ। करार ऐन, २०५६ को दफा २ (क) मा " ***करार भन्नाले दुई वा दुई भन्दा बढी पक्षहरु बीच कुनै काम गर्न वा नगर्नको लागि भएको कानून बमोजिम कार्यान्वयन गर्न सकिने सम्झौता सम्झनु पर्छ*** " भनी उल्लेख भएको पाईन्छ। हालको मुलुकी देवानी संहिता, २०७४ को दफा ५०४ (१) मा " ***दुई वा दुई भन्दा बढी व्यक्तिहरुको बिचमा कुनै काम गर्न वा नगर्नका लागि कानुन बमोजिम कार्यान्वयन गर्न सकिने कुनै सम्झौता भएमा करार भएको मानिने*** " भनी परिभाषा गरेको पाईन्छ । यसै गरी भारतीय करार ऐन, १८७२ (Indian Contract Act, 1872) ले करारलाई कानूनद्वारा लागू गर्न सकिने सम्झौता (An agreement enforceable by law is contract) को रुपमा परिभाषित गरेको छ । सोही प्रकारले अमेरिकाको Restatement of the law of Contract को Chapter -1 को Section -1 मा "A contract is a promise or a set of promises for the breach of which the law gives a remedy or the performance of which the law in some way recognize as a duty" भनी परिभाषित गरेको पाईन्छ। अमेरिकी कानूनको यो परिभाषा अनुसार कानूनी उपचार प्राप्त हुन सक्ने सम्झौता वा प्रतिज्ञालाई करार मान्नु पर्ने देखिन्छ।

१९. करारको सम्बन्धमा कानूनमा व्यवस्था भएका उल्लेखित परिभाषा एवं विधिशास्त्रीय धारणा एवं यसको सैद्धान्तिक आधार र अवधारणा समेतको परिप्रेक्ष्यबाट हेर्दा पक्षहरुबीच कुनै काम

गर्न वा नगर्नका लागि आपसी सहमतिमा हुने कानून बमोजिमको सम्झौता जसले पक्षहरु उपर अधिकार र दायित्व सिर्जना गराउँछ र उल्लंघनमा उपचार प्राप्त गर्न सकिन्छ त्यसलाई नै करार मान्नुपर्नेमा विवाद देखिँदैन। यसप्रकार करारको सम्बन्धमा व्यक्त परिभाषा एवं बिधिशास्त्रीय धारणा अनुसार करारको क्षेत्र फराकिलो रहेको देखिन्छ, अर्थात करार गर्न योग्य व्यक्तिहरु वा पक्षहरुले कानून बमोजिम कार्यान्वयन गर्न सकिने/मिल्ने कुनै पनि क्षेत्र वा विषयमा आपसी सहमतिको आधारमा करार गर्न सक्दछन्। तथापि त्यस्तो करारको उल्लंघनको स्थितिमा सो करार लागु गराउन सकिने विषयवस्तुमा आधारित भएको हुनुचाहिँ अपरिहार्य हुन आउँछ। त्यसकारण करारका विषयहरु सदैव निरपेक्ष हुने नभई कानून र परिस्थितिको सापेक्ष हुन्छन् भन्ने देखिन्छ।

२०. मूलतः करार ऐन, २०५६ ले करारको सम्बन्धमा विषयगत वा क्षेत्रगत रुपमा समेत प्रकाश पार्दै करार ऐन, २०२३ को भन्दा व्यापक र फराकिलो व्यवस्था गरेको देखिन्छ। करार ऐन, २०५६ को परिच्छेद -४ मा जमानत, हर्जाना तथा प्रत्यासन सम्बन्धी करार, परिच्छेद-५ मा नासो सम्बन्धी करार, परिच्छेद -६ मा धितो तथा धरौट सम्बन्धी करार, परिच्छेद ७ मा वस्तु बिक्री सम्बन्धी करार, परिच्छेद-८ मा एजेन्सी सम्बन्धी करार तथा परिच्छेद-९ मा मालसामान ढुवानी सम्बन्धी करार भनी करारलाई व्यवस्थित र नियमित गर्न विषय एवं क्षेत्रगत रुपबाट छुट्टाछुट्टै परिच्छेदमार्फत निर्देशनात्मक प्रकृतिको कानूनी व्यवस्था गरिएको पाईन्छ। यी व्यवस्थाहरु मध्ये परिच्छेद ७ अन्तरगतको दफा ४० को वस्तु बिक्री सम्बन्धी करार शीर्षक र मुलुकी देवानी संहिता, २०७४ को दफा ५४५ मा वस्तु बिक्री सम्बन्धी करार शीर्षकमा " ***कुनै बिक्रेताले मूल्य लिई कुनै वस्तु क्रेतालाई तत्काल हस्तान्तरण गर्न वा भविष्यमा हस्तान्तरण गर्न मन्जुर गरेकोमा वस्तु बिक्री सम्बन्धी करार भएको मानिन्छ*** " भनी उल्लेख भएको पाईन्छ। सोही दफाको स्पष्टिकरण खण्डमा " ***यस परिच्छेदको प्रयोजनको लागि वस्तु भन्नाले तत्काल प्रचलनमा रहेका मुद्रा, धितोपत्र वा उजुर गरी कार्यान्वयन गर्न सकिने दावी (एक्सनेवल क्लेम) बाहेक खरिद बिक्री हुन सक्ने कुनै चल सम्पत्ति सम्झनु पर्दछ*** " भनी वस्तु बिक्री सम्बन्धी करारमा अचल सम्पत्तिलाई बाहेक गरेको अवस्था देखिन्छ। साथै वेलायतको Consumer Rights Act, 2015 ले वस्तु बिक्री करारलाई देहाय बमोजिम परिभाषा गरेको पाईन्छ- A contract of sale of goods is a contract by which the trader transfers or agrees to transfer ownership of goods to the consumer, and the

consumer pays or agrees to pay the price.[1] अमेरिकाको Uniform Commercial Code (UCC) ले Contract for sale" includes both a present sale of goods and a contract to sell goods at a future time. A "sale" consists in the passing of title from the seller to the buyer for a price भनेर परिभाषा गरेको पाईन्छ।[2]त्यसैगरी, Indian Sale of Goods Act, 1930 अनुसार Contract of sale of goods is a contract whereby the seller transfers or agrees to transfer the property in goods to the buyer for a price. There may be a contract of sale between one part-owner and another.[3] भनेर परिभाषा गरेको पाईन्छ।

२१. माथि उल्लिखित कानूनी व्यवस्था हेर्दा, प्रत्यर्थी वादी बिक्रेताले भारतबाट बिजक मार्फत बस्तु बिक्री गरी प्रतिवादी क्रेता कम्पनी लाई पठाउने गरेको र पुनरावेदक क्रेता कम्पनीले वादीले बिक्री गरी पठाएको माल वस्तुहरु स्वीकार गरी बुझी लिने र खरिद गरी लिएको सामानको मूल्य बराबरको रकम भुक्तानी गर्ने सहमति कायम गरी सो बमोजिम नै वादी प्रतिवादीहरुका बिचमा व्यापारिक कारोवार सन्चालन हुँदै आएको रहेछ भन्ने वादी प्रतिवादी कै भनाईबाट देखियो ।

२२. वस्तु बिक्री करारमा वस्तुको मूल्य निर्धारण गर्ने अधिकार पक्षहरुमा निहित रहेको हुन्छ।पक्षहरुले करारमा वस्तुको मूल्य निर्धारण गरेकोमा करारमा निर्धारित मूल्य क्रेताले बिक्रेतालाई भुक्तानी गर्नुपर्दछ। करारमा वस्तुको मूल्य निर्धारण नगरिएकोमा के कसरी वस्तुको मूल्य निर्धारण गर्ने भन्ने कुरा करार ऐन, २०५६ को दफा ४२ र मुलुकी देवानी संहिता, २०७४ को दफा ५४७ अन्तर्गत वस्तुको मूल्य निर्धारण गर्ने शीर्षकमा " करारमा अन्यथा व्यवस्था भएकोमा बाहेक वस्तुको मूल्य करारका शर्तबाट करारमा मञ्जुर गरिएको तरिकाबाट वा पक्षहरू बीच हुने कारोबारको सिलसिलाबाट निर्धारण गरिनेछ " भन्ने व्यवस्था रहेको पाईन्छ।उक्त व्यवस्थालाई हेर्दा, प्रस्तुत मुद्दामा मिति २०६३/११/१७ गतेको No Objection Certificate (NOC) सम्बन्धको उक्त निर्णयको प्रकरण (४) मा उल्लेखित रकममा विवाद रहेको नभई प्रकरण (६) को रकम सम्बन्धमा मात्र विवाद रहेको देखिन्छ। प्रतिवादी सृजना फर्मास्यूटिकल्स प्रा.लि.ले वादी युनिकेम ल्यावोरेटोरिज लिमिटेडका रिजनल विजनेस हेड संजय गुप्तालाई डिसेम्बर १३, २००६ मा पठाएको Statement of account of Unichem Lab Limited as on 13-12-2006 मा Please find attached here with summary of

[1] Section 5(1), Consumer Right Act, 2015
[2] Article 2, Uniform Commercial Code
[3] Section 4(1), Indian Sale of Goods Act, 1930

account as on Dec. 13-2006 excluding disputed amount Rs. 4,262,168.00 (Mr. K.S Mohan) भनी रु. ४२,६२,१६८/- विवादित रकम बाहेकको रकम भनी स्वीकार गरी विवरण पठाएको र उक्त रकम वादी यूनिकेमले पाएको भन्ने पनि मिसिल संलग्न प्रमाण कागजबाट देखिँदैन । करार ऐन, २०५६ को दफा ७४ बमोजिम करार गर्ने प्रत्येक पक्षले करार बमोजिको दायित्व पुरा गर्नु पर्ने बाध्यकारी व्यवस्था भएतापनि प्रतिवादीले उक्त बमोजिमको दायित्व पुरा गरेको भनी देखाउन सकेको अबस्था छैन ।

२३. यसैगरी करार ऐन, २०५६ को दफा ४३ मा करारमा वस्तुको मुल्य भुक्तान गर्ने समय निर्धारण भएको रहेछ भने सो बमोजिम वस्तुको मूल्य निर्धारित समयमा नै भुक्तान गर्नुपर्दछ भन्ने ब्यबस्था रहेको पाईन्छ। वस्तुको मूल्य नगद वा अन्य कुनै तरिकाबाट भुक्तान गर्ने कुरा पनि पक्षहरुले करारमा उल्लेख गर्न सक्दछन्। करारमा यस बारेमा व्यवस्था गरिएको भएमा करार बमोजिम नै वस्तुको मूल्य भुक्तान गर्नुपर्दछ। करारमा यस बारेमा कुनै व्यवस्था नगरिएको भएमा वस्तुको मूल्य नगद नै भुक्तान गर्नुपर्ने हुन्छ। करार ऐन, २०५६ को दफा ४३ को स्पष्टिकरण खण्डले चेक, यात्रु चेक, प्रतिज्ञापत्र, विनिमयपत्र, प्रतितपत्र, बैङ्क ड्राफ्ट, क्रेडिट कार्ड, टेलिग्राफिक ट्रान्सफर समेतलाई नगद मानेको देखिन्छ, उल्लेखित व्यवस्थालाई हेर्दा कुनै माध्यमबाट वस्तुको मूल्य भुक्तान गर्न सकिनेमा प्रतिवादीले उक्त कुनै माध्यमबाट सो रकम वादी लाई भुक्तानी गरेको प्रमाणित हुन आएन।

२४. यूनिकेम ल्याबोरोटोरिज लिमिटेड र सृजना फर्मास्यूटिकल्स प्रा.लि.बिच अग्रष्ट १९, २००४ मा समझदारीपत्र (Memorandum of Understanding) को प्रकरण (७) मा सृजना फर्मास्यूटिकल्स प्रा.लि.ले यूनिकेम ल्याबोरोटोरिज लिमिटेडलाई सामान पठाएको ६० दिन भित्र रकम भुक्तानी गर्नुपर्ने शर्त उल्लेख भएको पाईन्छ। सो रकम भुक्तानी हुँदा बैंक मार्फत हुने गरेको भनी विपक्षी वादी पक्षका विद्वान वरिष्ठ अधिवक्ताहरुले बहसको क्रममा समेत व्यक्त गर्नुभएको कुरालाई पुनरावेदक/ प्रतिवादी पक्षका विद्वान बरिष्ठ अधिवक्ता र अधिवक्ताहरुले साबिकमा समेत बैंक मार्फत भुक्तानी हुने गरेको थिएन भनी तथ्यपरक रुपमा खण्डन गर्न सक्नु भएको छैन्। सोबाट बैंक मार्फत नै रकमको कारोबार हुने गरेको रहेछ भन्ने अनुमान हुन आउँछ र सो कथन स्विकार्य समेत हुने हुन्छ । विदेशी कम्पनी सँगको ब्यापारिक कारोवारमा रकमको हस्तान्तरण वा भुक्तानी (Modes of Payment) बैंक मार्फत हुनुपर्दछ भन्नेमा विवाद हुन सक्दैन। सो सम्बन्धमा अन्तराष्ट्रिय सन्धि ; युनिफर्म कस्टम्स

एण्ड प्राक्टिस फर डक्युमेन्ट्री क्रेडिटस् (**Uniform Customs and Practice for Documentary Credits**) ले *"where a person carrying on business in one country buys goods from a seller in another country, it is common practice for the price to be paid by means of a banker's commercial credit "* भनी स्पष्टरुपमा व्याख्या गरेको देखिन्छ।

२५. सृजना फर्मास्युटिकल्सले कुमार श्याम मोहनलाई रु.५८,२४,६९८ /- भुक्तानी तथा हिसाव मिलाउनको लागि १८ जनवरी २००५ मा पत्र लेखेको र सो रकम हामीले यूनिकेमलाई बुझाउनु पर्ने रकम हो भनी सोही पत्रमा ध्यानाकर्षण समेत गरिएको देखिन्छ । उक्त रकम समेत गरी ने.रु. ७४,०४,८४३।- बुझाउन वारम्बार ताकेता गर्दा पनि कुनै चासो नदेखाउनु भएको र हाल सम्म भुक्तानी नगरी बाँकी राखु भएकोले ७ (सात) दिन भित्र रकम बुझाउनु होला भनी यूनिकेमले सृजना फर्मास्युटिकल्सलाई मिति २०६४।७।१९ मा बक्यौता रकम बुझाउने बारेको ताकेतापत्र समेत लेखेको पाइन्छ।

२६. करार ऐन, २०५६ को दफा ५५ (क) मा " वस्तु बिक्री करार भएपछि खरिदकर्ताले वस्तुको मूल्य तिर्न इन्कार गरेमा बिक्रेताले करारको अधिनमा रहि खरिदकर्ता उपर क्षतिपूर्तिको दाबी गर्न सक्ने " व्यवस्था रहेको पाईन्छ। करारका पक्षहरुले इमान्दारीपूर्वक र असल नियतले आ-आफ्नो दायित्व पुरा गर्दछन भन्ने अपेक्षा गरिन्छ । साथै एक अर्को पक्षको अन्य पक्षको हित प्रतिकुल हुने गरी कुनै पनि काम वा आचरण गर्दैनन् भन्ने कुरा करार कानूनमा सदैव स्विकार गरिएको हुन्छ। असल नियतले करारको पालना गर्ने विषय कुनैपनि करारको एक अन्तरनिहित शर्त (Implied Term) हो। असल नियतले करारको पालना गर्ने व्यवस्था (Good faith clause) को अर्थ करारका प्रत्येक पक्षले एक अर्काप्रतिको दायित्व इमान्दारीपूर्वक पालना गर्नु हो भन्ने बुझिन्छ। यसको अर्थ करारका पक्षहरुले करारका शर्तहरु मात्र पुरा नगरी करारमा पुरा गर्न नहुने आचरण र काम नगर्नू पनि हो भन्ने बुझ्नु पर्ने हुन्छ। यसै विषयमा बेलायतको High Court of Justice (Queen Bench Division) ले Yam Seng Pte.Ltd. VS. International Trade Corporation (ITC) 2013[1] को मुद्दामा यसै डक्ट्रिनको व्याख्या गरीं " असल नियतको प्रावधान " लाई करार कानूनको मान्यताको रुपमा स्थापना गरेको पाईन्छ। प्रस्तुत विवादको बिषयमा आफ्नो करारीय दायित्व पालन गरेको भनी प्रतिवादीले प्रमाणित गर्न नसकेको अवस्थामा निजले सो बमोजिमको दायित्व निर्वाह गर्नुपर्नेमा विवाद देखिएन ।

२७. मिति २०६३ पौष १० गते बसेको NOC सम्बन्धीको बैठकमा विवादित रकम भा.रु. ४२,६२,१६८/- कम्पनीका प्रतिनिधि कुमार श्याम मोहनलाई बुझाई सकेको हुँदा यूनिकेमलाई बुझाउनु पर्ने होइन भन्ने पुनरावेदक/प्रतिवादीको जिकिर तर्फ हेर्दा, सो रकम कुमार श्याम मोहनलाई नै बुझाए हुन्छ भन्ने त्यस्तो सम्झौता समझदारी भएको समेत नदेखिनुको साथै माथि नै उल्लेख गरिए अनुसार सामान प्राप्त भएको अवधिबाट ६० दिन भित्र वादी यूनिकेमलाई रकम बुझाउनु पर्ने शर्त मुताविक भएको समेत नपाईदा विना आधार यूनिकेमको तर्फबाट तत्कालिन कन्ट्री रिप्रेजेन्टेटिभ कुमार श्याम मोहनलाई रकम दिई सकिएको हुँदा वादी यूनिकेमलाई अब तिर्न बुझाउनु पर्ने हैन भनी प्रतिवादीले जिकिर लिएकै भरमा त्यसैलाई आधार मानी पुनरावेदक/ प्रतिवादीले वादीलाई भुक्तानी दिनुपर्ने रकम तिरी बुझाई सकेको भन्न सकिने अवस्था देखिन आएन ।

२८. वस्तु खरिद वापतको मूल्य रकम भुक्तानी दिनुपर्ने दायित्व करार ऐन, २०५६ को दफा ४३ बमोजिम पुनरावेदक/ प्रतिवादीमा रहेकोमा प्रमाण ऐन, २०३१ को दफा २७ (२) बमोजिम त्यस्तो रकम प्रतिवादी सृजनाले वादी यूनिकेमलाई तिरे बुझाएको भन्ने तथ्यपरक र वस्तुनिष्ठ प्रमाण प्रतिवादीले पेश गर्न सकेको देखिँदैन। केवल पुनरावेदकले पुनरावेदन जिकिर लिएकै भरमा विना आधार प्रमाण वादीलाई दिनुपर्ने रकम श्याम मोहनलाई दिएको होला भनी मात्र सकिने अवस्था एकातर्फ छैन भने अर्कोतर्फ कहिले, कति रकम के कुन हैसियतले प्रतिवादीले कुमार श्याम मोहनलाई दिएको हो सो पनि प्रमाण सहित खुलाउन सकेको पाइदैंन। उल्लेखित रकम कुमार श्याम मोहनलाई दिएको हुँदा अब वादीलाई दिन बाँकी छैन भन्ने पुनरावेदकको पुनरावेदन जिकिरलाई आधार मानी पुनरावेदक/ प्रतिवादीले वादीलाई वस्तु खरिद वापतको बाँकी रकम भुक्तानी दिन नपर्ने हो कि ? भनी विचार गर्ने हो भने पनि पुनरावेदक/ प्रतिवादी सृजना फर्मास्यूटिकल्स र कुमार श्याम मोहन वीचको कारोवारमा वादी यूनिकेमको कुनै सरोकार रहने तथा रहन सक्ने अवस्था देखिंदैन ।

२९. अर्कोतर्फ प्रतिवादीले भारतबाट आयात गरेका बस्तुहरु स्थानीय रुपमा के कुन प्रकारले को कसलाई के कसरी सामान बिक्री भयो वा भएन भनी वादीले परिक्षण गर्न सक्ने स्थिति रहदैन्। कुमार श्याम मोहन भन्ने व्यक्ति वादी यूनिकेमको स्थानीय ब्यापार हेर्न खटिएको कर्मचारीको रुपमा रहेको र १९ डिसेम्बर २००४ मा भएको सहमति अनुसार वस्तु खरिद

वापतको मुल्य रकम प्रतिवादीले वादी यूनिकेम कम्पनीलाई नै दिनुपर्ने भन्ने शर्त उल्लेख भएकोमा प्रतिवादी उक्त दायित्वबाट उम्कन सक्ने अबस्था रहदैन ।

३०. विवादित विषयसँग प्रत्यक्ष सरोकार राख्ने विल कुन हो ? उक्त विल कुन मितिको हो ? कति नं. को बिल हो ? र कुन विलबाट कति रकम असुल हुनु पर्ने हो? जस्ता विवाद प्रतिवादीले उठाएकोमा अदालतहरुबाट भएको आदेश बमोजिम वादी कम्पनीबाट दाखिला हुन आएका बिभिन्न मितिमा सक्कल बिलहरु मिसिल संलग्न रहेका र ति बिलहरु प्रतिवादीलाई देखाउँदा निजले उक्त बिलहरुलाई अन्यथा भन्न नसकेको र सो बिल बमोजिमको रकम वादीलाई भुक्तानी गरेको भनी स्पष्ट रुपमा खण्डन समेत गर्न नसकेको अबस्थामा हाल आएर रितपुर्बक जारी भएका बिलहरुमा प्रतिवादीले प्रश्न उठाएको कुरा सान्दर्भिक समेत देखिएन ।

३१. प्रतिवादी सृजना फर्मास्यूटिकल्स प्रा.लि. प्रचलित कम्पनी कानुन बमोजिम स्थापना र संचालनमा रहेको कानुनी व्यक्ति रहेको हुनाले कम्पनीका सबै प्रकारका खरिद तथा भुक्तानीहरू प्रमाणिक रूपमा बैधानिक तवरले अभिलेख प्रणालिमा प्रबिष्ट गरिएको हुन्छ भन्ने अनुमान गरिन्छ । ब्यापारिक कारोबार अन्तर्गतका भुक्तानीहरु रितपूर्वक नै भएको कुरा अभिलेख समेतले पुष्टि प्रमाणिक हुनु अनिबार्य हुन्छ । भारतबाट माल सामान खरिद गरेपछि सो को भुक्तानी समेत यो मितिको यस बैंकको यस खाता नम्बरबाट भएको थियो भनी पुष्टाई गर्ने दायित्व यि प्रतिवादीमा रहेकोमा विवाद हुनुपर्ने कारण छैन। अन्तरदेशीय ब्यापारिक कारोबार गर्ने कम्पनीले खरिद तथा भुक्तानीलाई पुष्टि गर्ने प्रमाणिक कागजातहरुले नै आफ्नो कथन स्थापित गर्नुपर्नेमा सो गरेको पाईएन ।

३२. अब प्रतिवादी कम्पनीले वादी कम्पनीलाई के कति रकम तिर्नु बुझाउनु पर्ने हो भन्ने सम्बन्धमा विचार गर्दा, निजहरु सम्मिलित NOC को बैठकको प्रकरण (६) मा उल्लेखित तत्कालिन कन्ट्री रिप्रेजेन्टेटिभ श्याम मोहन सम्बन्धित रु. ५,८५,३७४/२० समेत थप गरी विवादित रकम रु. ७४,०४,८४३/- भन्ने उल्लेख भई सोही रकममा वादीको दावी रहेकोमा श्याम मोहन सम्बन्धित रु. ५,८५,३७४/२० को हकमा के कुन आधार कारणबाट निज श्याम मोहनसँग सम्बन्धित हुन गई वादीले सो रकम पाउने हो सो सम्बन्धमा प्रष्ट नहुँदा अस्पष्ट रकम समेत भराई पाउँ भन्ने सो हदसम्म वादीको दावी पुग्न सक्ने अवस्था नहुँदा वादी दावी रकम मध्ये तत्कालिन कन्ट्री रिप्रेजेन्टेटिभ कुमार श्याम मोहन सम्बन्धित भनी

NOC का उक्त निर्णयमा उल्लेखित रकम रु. ५,८५,३७४/२० बाहेक गरी बाँकी भा. रु. ४२,६२,१६८/- को हुने नेपाली रुपैयाँ ६८,२९,४६८/८० रकमसम्म प्रत्यर्थी/वादीलाई पुनरावेदक/ प्रतिवादीबाट दिलाई भराई पाउने अबस्था देखियो।

३३. तसर्थ, माथि विवेचित आधार, कारण र प्रमाण समेतबाट वादीले प्रतिवादीबाट रु. ३,२२,२०४/६० सम्म भराई पाउने ठहऱ्याएको शुरु काठमाडौं जिल्ला अदालतको मिति २०६५/०३/१७ को फैसला केही उल्टी भई प्रत्यर्थी/वादी यूनिकेम ल्याबोरेटोरिज लिमिटेडले पुनरावेदक/प्रतिवादी सिर्जना फर्मास्यूटिकल्स प्रा.लि.बाट नेपाली रकम रु.६८,१९,४६८/८० (अठसट्ठी लाख उन्नाईस हजार चार सय अठसट्ठी रुपैयाँ पैसा असी) दिलाई भराई पाउने गरि तत्कालिन पुनरावेदन अदालत, पाटनबाट भएको मिति २०६८/०८/०४ को फैसला मिलेकै देखिदा सदर हुने ठहर्छ। पुनरावेदक प्रतिवादी सिर्जना फर्मास्यूटिकल्स प्रा.लि समेतको पुनरावेदन जिकिर पुग्न सक्दैन। प्रस्तुत फैसला विद्युतीय प्रणालीमा प्रविष्ट गरी दायरीको लगत कट्टा गर्नू र मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू।

(बालकृष्ण ढकाल)
न्यायाधीश

उक्त रायमा म सहमत छु।

(सुष्मालता माथेमा)
न्यायाधीश

इजलास अधिकृतः- हरिकुमारी घर्तीमगर
अनुसन्धान सहयोगी :- स्मृका बस्नेत
इति संवत् २०८० साल पौष १६ गते रोज २ शुभम् ......................................।